टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-३, संख्या-५० मिति २०८०/०३/०४

## भाग -३

टीकापुर नगरपालिका नगरकार्यपालिका कार्यालयको

सूचना

# टोल विकास संस्था गठन तथा परिचालन सम्वन्धि (पहिलो संशोधन) कार्यविधि, २०८०

टोल विकास संस्था गठन तथा परिचालन सम्वन्धि कार्यविधि, २०७८ लाई संसोधन गर्न वाञ्छनीय भएकोले

टोल विकास संस्था गठन तथा परिचालन सम्वन्धि कार्यविधि, २०७८ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधीको नाम टोल विकास संस्था गठन तथा परिचालन सम्वन्धि (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ ।

स्थानीय राजपत्र

२. **टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१) मा संसोधन** : टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१) मा "नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका वासिन्दाको आम भेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ । " भन्ने वाक्यांशको सट्टा "नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका वासिन्दाको आमभेलाबाट टोल तथा बस्ती भित्रका हरेक घरधुरी समावेश हुने र कार्यसमिति सदस्य रहने गरी टोल विकास संस्थाको गठन गरिनेछ, " भन्ने वाक्यांश राखिएको ।

३. **टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (२) मा संसोधन** : टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (२) मा "उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन्

(क) अध्यक्ष १ जना
(ख) उपाध्यक्ष १ जना
(ग) कोषाध्यक्ष १ जना
(घ) सचिव १ जना
(ङ) सदस्यहरु (३ देखि ७ जना सम्म)" भन्ने वाक्यांशको सट्टा "उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन :
(क) अध्यक्ष १ जना
(ख) उपाध्यक्ष १ जना
(ग) कोषाध्यक्ष १ जना
(घ) सचिव १ जना
(घ) सहसचिव –१ जना
(ङ) बाँकी सबै सदस्यहरु रहनेछन । " भन्ने वाक्यांश राखिएको ।

४. **टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (२) को खण्ड (च) थप गरिएको** : टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (२) को खण्ड (च) "टोल विकास संस्था गठन गर्दा बडघर भएको समुदाय वा टोलमा बडघरलाई सम्बन्धित टोलमा गठित टोल विकास संस्थाको सल्लाहकार सदस्यको रुपमा संस्थाले मनोनयन गर्न सक्नेछ । " भन्ने वाक्यांश थप गरीएको ।

५. **टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१२) मा संसोधन** : टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१२) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ, एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन । " भन्ने वाक्यांशको सट्टा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका कम्तीमा २५ र बढीमा १०० घरधुरी र समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिनेछ " भन्ने वाक्यांश राखिएको ।

स्थानीय राजपत्र

६. **टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१३) थप गरिएको :** टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ३ को उपदफा (१३) “टोल विकास संस्थाले संस्थाको विधानको अनुसूचि–३ बमोजिम संस्थागत विकास र परिचालनको लागि छुट्टै विधान निर्माण गरी लागू गर्न सक्नेछ,” भन्ने वाक्यांश थप गरीएको ।

७. **टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ५ को खण्ड (ख) (१) थप गरिएको :** टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ५ को खण्ड (ख) (१) “वडामा गठन भै सूचिकृत भएको टोल विकास संस्था नगरपालिका कार्यालयमा दर्ता गर्नु पर्नेछ। ” भन्ने वाक्यांश थप गरिएको ।

८ . **टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ६ को उपदफा (१) को खण्ड (ल) थप गरिएको :** टीकापुर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ को दफा ६ को उपदफा (१) को खण्ड (ल) “नगरपालिकाको विभिन्न वडामा गठित टोल विकास संस्थाको वडा तथा पालिका स्तरमा कार्य संजाल गठन गर्न सक्नेछ, उक्त गठित टोल विकास संस्था गैर राजनैतिक, स्वतन्त्र नागरिक समाज संस्थाको रुपमा रहनेछ ” भन्ने वाक्यांश थप गरीएको ।

**आज्ञाले,**
मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपालिकाको कार्यालय

स्थानीय राजपत्र